

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा सास्कृतिक पर्वहरूको जगेर्ना गरौं । मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २३ ❑ अङ्क २७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक ३ गते बिहीबार ❑ 20 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## कांग्रेस केन्द्रीय परिचालन समितिको सचिवालय र विभिन्न उपसमिति गठन

**रासस**
**काठमाडौं, २ कार्तिक**

नेपाली कांग्रेसले आगामी मङ्सिर ४ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि केन्द्रीय परिचालन समितिको सचिवालय र विभिन्न उपसमिति गठन गरेको छ।

कांग्रेस प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन-२०७९, केन्द्रीय परिचालन समितिका संयोजक गोपालमान श्रेष्ठको संयोजकत्वमा कात्तिक १ गते बसेको बैठकको निर्णयानुसार केन्द्रीय परिचालन समितिको सचिवालय र विभिन्न उपसमितिमा संयोजक र सहसंयोजक मनोनयन गरेको हो । बैठकले भ्रातृ एवं शुभेच्छुक संस्था समन्वय तथा परिचालन उपसमितिको संयोजकमा डा डिला सङ्ग्रौला र सहसंयोजकमा उमेशजङ्ग रायमाझी, प्रदेश परिचालन समन्वय उपसमिति प्रदेश १ को संयोजकमा मीन विश्वकर्मा र सहसंयोजकमा सरिता प्रसाईंलाई मनोनयन गरेको छ।

यस्तै मधेस प्रदेशको संयोजकमा आनन्दप्रसाद ढुङ्गाना र सहसंयोजकमा मञ्जु खाँण, बागमती प्रदेशको संयोजकमा जीपछिरिङ लामा, गण्डकी प्रदेशको संयोजकमा ध्रुव वाग्ले र सहसंयोजकमा विष्णुप्रसाद लामिछाने, लुम्बिनी प्रदेशको संयोजकमा चन्द्रबहादुर केसी र सहसंयोजकमा प्रा डा गोविन्दराज पोखरेल, कर्णाली प्रदेशको संयोजकमा जानकी सिंह र सहसंयोजकमा कान्तिका सैँजुवाल र सुदूरपश्चिम प्रदेशको संयोजकमा ईश्वरी न्यौपाने र सहसंयोजकमा प्रकाश रसाइली स्नेहीलाई मनोनयन गरिएको छ। बैठकले निर्वाचन सुरक्षा निकाय समन्वय उपसमितिको संयोजकमा जीतजङ्ग बस्नेत र सहसंयोजकमा मेखलाल श्रेष्ठ, विदेशस्थित नेपाली जनसम्पर्क समिति समन्वय तथा परिचालन उपसमितिको संयोजकमा गोविन्द भट्टराई र सहसंयोजकमा डा अरुणकुमार सुवेदी, निर्वाचन अनुगमन तथा अनुशासन उपसमितिको संयोजकमा आनन्दप्रसाद ढुङ्गाना र सहसंयोजकमा डा कृष्णप्रसाद पौडेललाई मनोनयन गरेको छ । यसैगरी, निर्वाचन आयोग समन्वय उपसमितिको संयोजकमा हरिशरण नेपाली र सहसंयोजकमा किरण गिरी, जिल्ला-काठमाडौँ सम्पर्क समिति समन्वय उपसमितिको संयोजकमा रमा कोइराला पौडेल र सहसंयोजकमा धना खतिवडा हुनुभएको छ । निर्वाचनको केन्द्रीय परिचालन समितिको सचिवालय संयोजकत्वमा अम्बिका बस्नेत, सहसंयोजकमा दिव्यमणि राजभण्डारी, सदस्यमा डा सुरेश आचार्य, डा प्रभु बुढाथोकी, गेजा शर्मा वाग्ले, कृष्ण केसी, प्रगतिमान रञ्जित, विजय मिश्र, सरोजकुमार थापा र सदस्य सचिवमा किरणप्रसाद गजुरेललाई मनोनयन गरिएको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

## भाइटीकाको साइत कात्तिक १० गते बिहान ११ : ३७ बजे

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको यमपञ्चक अर्थात् तिहार पर्वको साइत सार्वजनिक गरेको छ। जसअनुसार कात्तिक १० गते बिहीबार बिहान ११ : ३७ बजे भाइटीकाको साइत उत्तम रहेको छ।

यमपञ्चक कात्तिक ५ गते शनिबारदेखि सुरु हुनेछ। कात्तिक ५ गते शनिबार यमदीपदान सुरु गरिन्छ। यमपञ्चकका अवसरमा दीपदान गर्नाले यम यातना नपाइने धार्मिक विश्वास छ। धनत्रयोदशी (धनतेरस) पर्व पनि त्यसै दिन मनाउनुपर्ने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बुधबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ। कात्तिक ६ गते आइतबार कागतिहार (काकबली) पर्व परेको छ । धनवन्तरी जयन्ती पनि त्यसै दिन मनाइन्छ । कात्तिक ७ गते सोमबार कुकुर तिहार पर्व मनाइन्छ। त्यसै दिन नरकचतुर्दशी अर्थात् बिहान झिसमिसेमै तेल लगाएर स्नान गरी नरक बालेर बगाइन्छ। यस वर्ष दीपमालिका एवं लक्ष्मीपूजा पर्व पनि कात्तिक ७ गते सोमबार नै रहेको उहाँले बताउनुभयो । लक्ष्मीपूजाको रात्रिलाई सुखरात्री पनि भनिन्छ। कात्तिक ८ गते मङ्गलबार गाईपूजा गरिन्छ । यस दिन सूर्यग्रहण पनि परेको छ।

कात्तिक ९ गते बुधबार गोवर्द्धनपूजा, बलिपूजा, हलितिहार, गोरुपूजा, आत्मपूजा (म्हपूजा) का साथै नेपाल संवत्को नयाँ वर्ष आरम्भ पनि यसै दिन परेको छ। कात्तिक ९ गते बुधबारदेखि नेपाल संवत् ११४३ आरम्भ हुँदैछ। कात्तिक १० गते बिहीबार तिहारको मुख्य दिन हो । यस दिन दिदीबहिनीले दाजुभाइलाई टीका लगाई आशीर्वादसहित दीर्घायुको कामना गर्दछन्। नेवारी समुदायले किजापूजाका नाममा मनाउने पर्व पनि यसै दिन परेको समितिले जनाएको छ।

यस दिन साइत खोज्नेले बिहान ११ : ३७ बजे उत्तर फर्केर टीका लगाउनु उत्तम रहेको समितिले जनाएको छ । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताउनुभयो । सर्वसाधारणका लागि त्यस दिन दिनभर टीका लगाउनु शुभ रहेको छ।

## दुई सय ४८ पदकसहित आर्मी शीर्ष स्थानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

गण्डकी प्रदेशमा आयोजना भइरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा विभागीय टिम नेपाल आर्मी क्लबले फराकिलो अग्रता बनाएको छ।

हालसम्म नौ सय १६ पदकको छिनोफानो हुँदा आर्मीले एक सय १४ स्वर्ण, ७६ रजत र ५८ कांस्यपदकसहित कूल दुई सय ४८ पदक हात पारिसकेको छ। दोस्रो स्थानमा विभागीय टिम नेपाल पुलिस क्लब रहेको छ । पुलिसले ४५ स्वर्ण, ४१ रजत र ४९ कांस्यपदकसहित एक सय ३५ पदक जितेको छ।

अर्को विभागीय टिम एपिएफले ३७ स्वर्ण, ४३ रजत र ६६ कांस्यपदकसहित कूल एक सय ४६ पदक हात परेको छ । यसैगरी गण्डकी प्रदेशले २४ स्वर्ण, २३ रजत र ३९ कांस्य पदकसहित ८६ पदक जित्दा बागमती प्रदेशले १९ स्वर्ण, ३३ रजत र ४३ कांस्यसहित कूल ९५ पदक आफ्नो पोल्टामा पारेको छ।

यता एनआरएनएले १० स्वर्ण, सात रजत छ कांस्यसहित २३ पदक, सुदूरपश्चिम प्रदेशले आठ स्वर्ण, चार रजत, २४ कांस्यसहित ३६ पदक, प्रदेश १ ले पाँच स्वर्ण २० रजत र ३४ कांस्यसहित ५९ पदक, मधेस प्रदेशले पाँच स्वर्ण, सात रजत र २० कांस्य पदकसहित ३२ पदक जितेका छन्।

लुम्बिनी प्रदेशले तीन स्वर्ण, १५ रजत र २६ कांस्यसहित ४४ र कर्णाली प्रदेशले एक स्वर्ण, दुई रजत, नौ कांस्य पदकसहित १२ पदक हात पारेको आयोजक राष्ट्रिय खेलकुद परिषद्ले जनाएको छ । प्रतियोगिताअन्तर्गतका खेल जारी रहेका छन्।

## नवौं राष्ट्रिय खेलकुदको बिहीबार समापन हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

गण्डकी प्रदेशका विभिन्न आठ जिल्लामा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको बिहीबार कात्तिक ३ गते समापन गरिने कार्यक्रम छ।

प्रतियोगिता आयोजक राष्ट्रिय खेलकुद परिषद्का अनुसार बिहीबार दिउँसो २:३० बजेपछि पोखरा रङ्गशालामा गरिने भव्य समापन समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवा सहभागी हुनुहुने भएको छ। यसअघि गत असोज २८ गते राष्ट्रिय खेलकुदको उपराष्ट्रपति नन्दबहादुर पुनले उद्घाटन गर्नुभएको थियो । समापन समारोहमा विभिन्न सांस्कृतिक कार्यक्रम, झाँकी, गीत सङ्गीत तथा नृत्यलगायतका कार्यक्रम आयोजना गरिने प्रचार प्रसार उपसमितिका सचिव खुसराज दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार १० औं राष्ट्रिय खेलकुद आयोजना हुने प्रदेशसमेत समारोहमा घोषणा गरिने र सो प्रदेशलाई झण्डा हस्तान्तरण हुनेछ । प्रतियोगिता समापन अघि पोखरा रङ्गशालामा पुरुष फुटबल प्रतियोगिताको फाइनल खेल हुनेछ । विभागीय नेपाली सेना र अर्को विभागीय टोली सशस्त्र प्रहरीको एपीएफका बीच फुटबलको स्वर्ण पदकका लागि खेल हुने आयोजकले जनाएको छ। नवौंमा ३६ र दुई प्रदर्शनी गरी ३८ खेल सञ्चालन भएका छन्। केही खेलको फाइनल सकिएको छ भने बाँकीको बिहीबार हुँदैछ।

## नेपाली कांग्रेस कास्कीद्वारा विभिन्न समिति तथा उपसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

आसन्न मंसिर ४ गते हुन लागेको निर्वाचनलाई लाक्षित गरि नेपाली कांग्रेस कास्कीद्वारा बुधबार आफ्नै कार्यालय चिप्लेढुंगामा विभिन्न समिति तथा उपसमिति गठन गरेको छ।

नेपाली कांग्रेस तथा गठबन्धनबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यका उम्मेदवारहरुलाई विजयी गराउनको लागि नेपाली कांग्रेस कास्कीका उपसभापति रामबावु भण्डारीको अध्यक्षतामा समिति तथा उपसमिति गठन भएको हो। जिल्ला निर्वाचन परिचालन समितिमा युवराज कुँबरको संयोजकत्वमा धनमाया गुरुङ सहसंयोजक, शंकर ढुंगाना सचिव, विश्व शंकर पालिखे र देवी गुरुङ सदस्य रहेका छन्।

त्यसैगरी सचिवालय व्यवस्थापन उपसमितिमा संयोजक देवेन्द्र भाट, सहसंयोजकमा विष्णु कार्की, सचिवमा सुदिपमोहन भट्टराई, सदस्यहरुमा ऋषिराम सुवेदी र मानेन्द्र कुमाल, अनुगमन तथा सहजीकरण उपसमितिमा संयोजक युवक लामिछाने, सहसंयोजक कमला विन्दु बराल, सचिवमा अर्पण कोइराला, सदस्यहरुमा ज्योति कोइराला र दक्षिणा सुवेदी रहेका छन्। प्रचार-प्रसार तथा मिडिया सेन्टर उपसमितिमा संयोजक गंगाधर पराजुली, सहसंयोजकमा सविना तिमिल्सिना, सचिवमा वर्षाकेशव पराजुली, बुथ व्यवस्थापन उपसमितिमा संयोजक खेमबहादुर गुरुङ, सहसंयोजक गणेश बस्नेत, सचिवमा विष्णु अधिकारी, सदस्यहरुमा अर्जुन गुरुङ र तारादेवी गुरुङ रहेका छन्। उद्योग व्यवसाय तथा पर्यटन परिचालन उपसमितिमा संयोजक बावुराम गिरी, सहसंयोजकमा चौबहादुर गुरुङ, सचिव कसिरन मियाँ, महिला तथा आमा समूह परिचालन उपसमितिमा संयोजक सीता शर्मा, सह-संयोजक मिना परियार, सचिवमा लोक कुमारी गुरुङ र सदस्यहरुमा तारा बराल, लक्ष्मी लम्साल रहेका छन् भने निर्वाचन सम्बन्धि समन्वय उपसमितिमा संयोजक रामजी प्रसाद कोइराला, सहसंयोजकमा डा. दिपक सुवेदी, सदस्यहरुमा चन्द्रमाया गुरुङ र सराफत अलिमियाँ रहेको नेपाली कांग्रेस कास्की जिल्ला निर्वाचन परिचालन समितिका संयोजक युवराज कुँबरले बताए।

## नेकपा (एस)को निर्वाचन परिचालन समिति गठन

**रासस**
**काठमाडौं, २ कार्तिक**

नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय सचिवालय बैठकले पार्टीका अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा दुई हजार पाँच सय एक सदस्यीय केन्द्रीय निर्वाचन परिचालन समिति गठन गरेको छ।

समितिमा पार्टी केन्द्रीय कमिटी, केन्द्रीय आयोगहरु, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च, केन्द्रीय परिषद्का पदाधिकारी एवं सदस्यहरु र पार्टीका प्रदेश कमिटीका पदाधिकारीहरु एवं जनवर्गीय सङ्गठनका पदाधिकारी सदस्यका रुपमा समावेश गरिएको छ।

बैठकले पार्टीका महासचिव डा वेदुराम भुसालको सयोजकत्वमा २२ सदस्यीय निर्वाचन परिचालन केन्द्रीय सचिवालयसमेत गठन गरेको छ।

जसको सदस्यमा उपमहासचिवद्वय डा गङ्गालाल तुलाधर र डा विजय पौडेल, नेताहरु विश्वनाथ प्याकुरेल, सावित्रा भुसाल, प्रमोदराज शर्मा, प्रेमल खनाल, लक्ष्मण केसी, केदार सञ्जेल, विष्णु लम्साल, धनप्रसाद गौतम, मोहन गौतम, रमेश रञ्जन झा, उदय श्रेष्ठ, खेमराज पौडेल, सीताराम नेपाल, द्रोणाचार्य क्षेत्री, विश्वमणि सुवेदी, प्रकाश खतिवडा, विशाल भण्डारी, सुदेश पराजुली र नितेश पौडेल हुनुहुन्छ।

महासचिव डा भुसाल नेतृत्वको सचिवालय बैठकले निर्वाचनसम्बन्धी प्रचार सामग्री तत्काल प्रकाशन गरी प्रसारण गर्ने निर्णय गर्दै संविधान र लोकतन्त्रको रक्षा, राष्ट्रियताको जगेर्ना, तथा सुशासन एवं समृद्धिको जनआकाङ्क्षालाई पूरा गर्न कलम चिह्नमा मतदान गर्न मतदातालाई आग्रह गरेको छ।


हार्दिक बधाई



श्री पवन कुमार प्रजापती | भास्कर पंडित कमलनयन गौतम | श्री कृष्ण बहादुर थापा

यस सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयर सदस्य एवं पूर्व सञ्चालक श्री पवन कुमार प्रजापती ज्यू मिति २०७९ भाद्र २४ र २५ गते सम्पन्न भएको पोखरा उद्योग वाणिज्य संघको ३४ औं महाधिवेशनबाट अध्यक्षको गरिमामय पदमा, यसै संस्थाका सल्लाहकार भास्कर पंडित कमलनयन गौतम ज्यू सिद्ध पब्लिक कलेज पोखरा-१५, फलेपाटनको अध्यक्षको गरिमामय पदमा र यसै संस्थाका अध्यक्ष श्री कृष्ण बहादुर थापा ज्यू सृजना विकास केन्द्र पोखराको हालै सम्पन्न ४५ औं साधारण सभा तथा २२ औं अधिवेशनबाट अध्यक्षको गरिमामय पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

कुलप्रसाद सुवेदी
सचिव

सुरेन्द्र थापा
व्यवस्थापक

एवं
सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड परिवार
पोखरा-९, कास्की । फोन नं. ०६१-५२२२४०

# मिरुवामा एमाले कास्की ३ को 'चुनावी हेडक्वाटर'

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

नेकपा एमाले कास्की क्षेत्र नम्बर ३ का नेकपा एमाले नेता कार्यकर्ता आगामी प्रतिनिधि तथा प्रदेश सभाको तयारीमा जुटेका छन् । चुनावकै तयारी स्वरुप एमालेले क्षेत्र नम्बर ३ को निर्वाचन क्षेत्रीय समन्वय कमिटीको कार्यालय स्थापना गरेको छ ।




एमाले पोलिटब्यूरो सदस्यद्वय जगत विश्वकर्मा, सीता गिरि ओली, प्रतिनिधिसभा र प्रदेश सभा उम्मेद्वारको उपस्थितिमा पोखरा २ मिरुवामा क्षेत्र नम्बर ३ को चुनावी हेडक्वाटर स्थापना गरिएको हो । एमालेको तर्फबाट कास्की ३ मा प्रतिनिधिसभा सदस्यमा दामोदर पौडेल बैरागी, प्रदेश सभा 'क' मा गणेशमान गुरुङ र प्रदेश सभा ' ख' मा राजीव पहारी उम्मेद्वार छन् । कार्यालय स्थापनापछि बोल्दै प्रतिनिधिसभा उम्मेद्वार पौडेलले गठबन्धनलाई हराएर जनताले आफूलाई रोज्ने दाबी गरे । उनले कास्की क्षेत्र नम्बर ३ पर्यटकीय सम्भावना बोकेको ठाउँ भएकाले पर्यटन केन्द्रित योजना ल्याउनेमा आफ्नो ध्यान जाने बताए । पर्यटनको बसाइँ लम्ब्याउन फेवाताल आउने पर्यटकलाई कास्कीकोटदेखि पञ्चासेसम्म लैजान आवश्यक रहेको उनले बताए । त्यसका लागि गन्तव्य पहिचान र प्रवर्द्धनका योजना ल्याउने उम्मेद्वार बैरागीले सुनाए। अहिले प्रदेश सरकारमा भएकाले करको दर मनपर्दी बढाएकाले जनताले त्यस्ता व्यक्तिलाई निर्वाचित गर्न नहुने उम्मेद्वार पौडेलको भनाइ थियो । प्रदेश सभा (क) का उम्मेद्वार गुरुङले आफू हरेक सुखदुखमा जनतामाझ नै रहनुको नतिजा चुनावले देखाउने बताए । प्रतिस्पर्धीलाई भारी मतले हराउनेमा उनी ढुक्क देखिए । उम्मेदवार गुरुङले आफू क्षेत्र नम्बर ३ का हरेक गाउँठाउँका समस्याबारे जानकार रहेकाले जितेपछि समस्या समाधानमा सक्रिय रहने प्रतिबद्धता जनाए । अर्का उम्मेद्वार पहारीले पछिल्लो पाँच वर्षमा सक्दो जनतामैत्री काम गरेको बताए । आफूले गरेको काम देखेर पार्टीले पनि पत्याएको र मतदाताले पनि फेरि जिताउने उनको भनाइ थियो । पहारी २०७४ सालको निर्वाचनमा पनि कास्की क्षेत्र नम्बर ३ ख बाटै निर्वाचित भएका थिए । उनी संसदमा जनताका समस्या उजागर गर्ने र संसदीय गतिविधिमा सक्रिय सहभागिता जनाउने सांसदका रुपमा चिनिन्छन् ।

# 'जनताको विश्वासलाई कहिल्यै घात गर्ने छैन'-एमाले उम्मेदवार कार्की

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

आगामी मंसिर ४ गते हुने प्रदेश सभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका लागि नेकपा एमालेको तर्फबाट कास्की निर्वाचन क्षेत्र नम्वर २ (क) का प्रत्यासी उम्मेदवार भिमबहादुर कार्कीले जनता र पाटीले गरेको अपार विश्वास र माया माथि आफुले कहिल्यै घात नगर्ने बताएका छन् ।



नेकपा एमाले पोखरा वडा न ३३ को निर्वाचन परिचालन कमिटिको कार्यालयको उद्धाटन गद कार्कीले आफ्नो क्षेत्रका जनताले निरन्तर विश्वास गरेर आफ्नो पाटीलाई विजयी गराएको र निर्वाचित जनप्रतिनिधिहरूले उदाहरणीय कार्य गरेको बताए । विगतमा आफ्नो पाटीका कार्यहरूको विवरण प्रस्तुत गर्दै कार्कीले अबको ५ वर्ष जनताको शिर अझै उचो हुने गरि काम गर्ने प्रतिवद्धता व्यक्त गरे।

नेकपा एमालेका केन्द्रिय सदस्य तथा भुमी व्यवस्थापन विभाग उपप्रमुख समेत रहेका कार्कीले एमाले नेतृत्वको सरकारका पालामा आफू सदस्य रहदा आम भुमिहिन तथा अव्यवस्थित बसोबास गर्ने जनताको पक्षमा काम गर्दा गर्दै वर्तमान सरकारले हटाएको स्मरण गर्दै अव बन्ने एमालेको सरकारले उनिहरूलाई जग्गाको मालिक बनाउने गरी काम गर्ने हुँदा सोको लागि बहुमत सहितको सरकार निर्माण गर्न सबैलाइ आव्हान गरे । एमाले सधै राष्ट्रहित र समृद्धिका लागि अहोरात्र खटेको भन्दै उनले अवको ५ वर्ष खेर नजाने गरी आफू जनताको काममा खट्ने बताए ।

कार्यक्रममा एमाले जिल्ला कमिटिका कार्यवाहक अध्यक्ष तेजनारायण अधिकारीले विगतको इतिहासलाई झन उचाइ दिने गरी निर्वाचनको मैदानमा उत्रिन आग्रह गर्दै कास्कीमा एक मात्रै विकासको नायक एमाले भएको जिकिर गरे । अधिकारिले सो क्षेत्रका आफ्नो पाटीको सरकारले संचालन गरिरहेका अधिकांश योजनाको बजेट कटौती र रकमान्तरण गर्ने काम वर्तमान सरकारले गरेको तर्फ जानकार हुन जनतालाई आग्रह गरे।

कार्यक्रममा एमाले प्रदेश कमिटी सदस्य केशव आचार्य , जिल्ला कमिटी सचिवालय सदस्य शिवप्रसाद आचार्य, एमाले पोखरा ३३ का अध्यक्ष दिपकराज लामिछाने, उपसचिव शंकरबहादुर अधिकारी,अनेम संघ क्षेत्र २ (क) का संयोजक पार्वती कार्की लगाएतले बोलेका थिए ।

# जनगुनासो सुन्दै एमाले उम्मेदवारद्धय वेदबहादुर र नन्दाकला

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको माहौल तात्दै गएको छ। नेपालीहरुको दोस्रो महान पर्व तिहार नजिकिए पनि राजनीतिक दलका नेता तथा उम्मेदवारलाई भने आउँदो चुनावले व्यस्त बनाएको छ ।



यसैविच गण्डकी प्रदेश कास्की निर्वाचन क्षेत्र नम्बर १ (ख) का प्रदेश सभाका प्रत्यक्ष तर्फ नेकपा एमालेका उम्मेदवार वेदबहादुर गुरुङ (श्याम) र प्रदेश तर्फ एमालेको समानुपातिक उम्मेदवार नन्दाकला नेपालीले बुधवार पोखरा १० का मतदाताहरुका गुनासाहरु सुन्ने र स्थानिय समस्याहरु बुझ्ने गरेका छन् । उम्मेदवारद्धयले धेरै बोलेर भन्दा पनि काम गरेर देखाउने विश्वास व्यक्त गर्दै जनगुनासो सुन्ने गरेको बताएका छन् ।

यसक्रममा वडाबासीहरुले अहिलेदेखि नै उम्मेदवारलाई भोलिका काम र समस्या समाधानका लागि वाचा गराएका थिए । वडावासीहरु गुनासो सुनिदिने एमाले उम्मेदवार पाएकोमा खुशी देखिन्थे भने एमाले उम्मेदवारलाई जिताउने प्रतिवद्धता समेत जनाएका छन् ।

# अकाउन्टबिलिटि ल्यावमा निर्वाचनको छलफल

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

निर्वाचनलाई स्वच्छ र व्यवस्थित गर्नका लागि नागरिक समाजको भूमिका महत्वपुर्ण हुने एक कार्यक्रममा वक्ताहरुले वताए ।

स्वच्छ निर्वाचनका लागि नागरिकलाइ जनचेतना कार्य गर्नुको साथै मिडियाले पनि आफ्नो स्थानवाट समान व्यवहार गर्नु पर्नेमा जोड दिए। अकाउन्टबिलिटि ल्याव काठमाडौ आयोजनामा वुधवार निष्पक्ष खुल्ला र सुरक्षित निर्वाचनका लागि नगारिक समाज र मिडयाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा नागरिक समाज, मानवअधिकारवादी र पत्रकारहरुले आ आफ्नो विचार राखेका थिए ।

कोपीला नेपाल पोखराका कार्यकारी निर्देशक विना सिलुवालले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी निर्वाचन आयोगको मात्र नभई सम्पुर्ण नागरिक समाज र राजनीतिक दलहरूको समेत जिम्मेवारी रहेको वताइन। राष्ट्रिय युवा परिषदवाट स्मिती वरालले निर्वाचन शिक्षामा पत्ररकारहरुको भूमिका अझै महत्वपूर्ण हुने बताइन । विकासप्रेमी रिजन ढुङ्गनाले प्रचारप्रसारका सामग्रीहरू बनाउँदा आरोप, प्रत्यारोपका



विषयहरु प्रकाशन तथा प्रसारण गर्न नहुने तर्क गरे ।

अन्तरक्रिया कार्यक्रममा इन्द्रकुमारी शर्मा, पत्रकारद्धय श्याम कुँवर, शोभाकान्त सिग्देल, राष्ट्रिय मानव अधिकारी आयोगका टंक खनाल, रेडक्रसवाट रजनी कोइरला, नगारिक समाजको तर्फवाट भगवती कोइराला लगायत वोलेको कार्यक्रममा ल्यावको पोइखराका सहजकर्ता दिपा पराजुलीले साहित्यमय भाकामा संचालन गरेकी थिइन भने अकाउन्टबिलिटि ल्यावका पोखरा सिएफए तथा कार्यक्रम संयोजक नारायणी सिग्देलले धन्यवाद सहित कार्यक्रम समापन गरिन् ।

# विकास निर्माण गर्ने पाटी एमाले

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

नेकपा एमालेका तर्फबाट कास्की १ का प्रतिनिधि सभा उम्मेदवार मनबहादुर गुरूङले देशमा विकास निर्माण गर्ने एक मात्र पाटी एमाले भएको बताएका छन् ।

अग्रगामी राष्ट्र निर्माणको लागि एमाले पाटीको विकल्प नभएको बताउँदै उनले आगामी मंसिर ४ गते हुने निर्वाचनमा एमालेलाई बहुमत दिएर पहिलो पाटी बनाउन सबै मतदातामा अनुरोध गरेका छन् । नेपाल कम्युनिष्ट पार्टी एमाले वडा कमिटी पोखरा २६ ले आयोजना गरेको उम्मेदवार भेटघाट कार्यक्रममा उनले व्यवस्था परिवर्तन भएपनि नागरिकको अवस्थामा परिवर्तन नभएकोले अवस्था परिवर्तनका लागि एमालेलाई मत दिनुपर्नेमा जोड दिए।यस्तै कास्की क्षेत्र नम्बर १ (क) का प्रदेश सभाका एमाले उम्मेदवार खगराज अधिकारीले सुकुम्वासीको समस्या समाधानमा एमाले पाटी कटिवद्ध भएर लाग्ने बताए ।

उनले अहिले सरकार छ कि छैन जस्तो भान भएको भन्दै अब एमालेको एकल बहुमत आए विकासको लर्को लाग्ने बताउँदै एमाले उम्मेदवारहरुलाई विजयी बनाउन सबै मतदातालाई आग्रह गरेका छन् ।

# पोखरा महानगरद्वारा समापनमा विशेष बिदा

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको समापन समारोहका अवसरमा पोखरा महानगरले बिहीबार एक दिन विशेष बिदा दिएको छ ।

महानगरले बिहीबार एक सूचना जारी गरी राष्ट्रिय खेलकुद प्रतियोगिताको समापन समारोहका लागि महानगरपालिकाका महाशाखा तथा शाखा, वडा कार्यालय, सामुदायिक तथा संस्थागत विद्यालय एवं मन्टेश्वरीमा दिउँसो १ बजेपछि विशेष बिदा दिइएको जनाएको छ। महानगरले समापन समारोहमा महानगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयमा कार्यरत कर्मचारी, शिक्षक, विद्यार्थी, सामाजिक सङ्घसंस्थालाई सहभागी हुनसमेत आग्रह गरेको छ । नागरिक समाज, आमा समूह, टोल विकास संस्था, युवा क्लब, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीलगायत आम नगरवासीलाई दिउँसो २ बजे नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा उपस्थित हुन पनि अनुरोध गरिएको छ । प्रदर्शनी केन्द्रबाट जम्मा भएर बृहत् सहभागिताबीच पोखरा रङ्गशालामा प्रवेशको कार्यक्रम रहेको महानगरले जनाएको छ । राष्ट्रिय खेलकुदको मुख्य आयोजनास्थलका रूपमा पोखरा महानगरपालिका र यसका विभिन्न वडामा रहेका खेल मैदानमा प्रमुख खेल सञ्चालन भइरहेका छन् । राष्ट्रिय खेलकुद आयोजना पोखरा महानगरपालिका र पोखरेलीका लागि गौरवको विषय रहेको महानगरप्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार समारोहमा आमनगरवासीको उल्लेखनीय सहभागिता रहनेछ ।

# सिङ्गुसले टोकेर मृत्यु

पोखरापत्र संवाददाता
तनहुँ, २ कार्तिक

सिङ्गुसले टोकेर तनहुँमा बुधबार एक जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । व्यास नगरपालिका-११ रानीगाउँ निवासी ६७ वर्षीय गङ्गाप्रसाद सुवेदीको मृत्यु भएको हो ।

शरीरैभरि सिङ्गुसले टोकेर सख्त घाइते हुनुभएका सुवेदीको दमौली अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# अपारदर्शी गठबन्धन सरकार

जस्ले बढी पारदर्शिता र सुशासनको नारा दिन्छ आफ्नो लागि लागू हुँदैन । भन्नेमा एकथोक गर्ने अर्कैथोक अहिलेको गठबन्धन सरकार बनेको छ । सुशासन र भ्रष्टाचार नियन्त्रणको पुर्व शर्त पारदर्शिता हो ।अहिलेको गठबन्धन सरकारमा दुवै अभाव छ । त्यसको ज्वलन्त उदाहरण पाँच दलीय सत्ता गठबन्धन सरकार हो । नेपाली काग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा पाँच दलीय गठबन्धनको सरकार गठन भएको १६ महीना बितिसकेको छ। २०७८ असार २९ गते गठन भएको देउवा सरकारमा मन्त्रीहरू थपिने र हट्ने क्रम जारी छ । तर, अहिलेसम्म कसैको पनि सम्पत्ति विवरण सार्वजनिक गरिएको छैन । यसले सुशासनका लागि पूर्व शर्त मानिने पारदर्शिताप्रति देउवा सरकार गैरजिम्मेवार भएको पुष्टि हुन्छ ।

यसअघि केपी शर्मा ओली नेतृत्वको सरकारले शुरूआतमा सम्पत्ति विवरण सार्वजनिक गरेको थियो।ओली नेतृत्वको सरकारका मन्त्री पदबाट हट्दा पनि सम्पत्ति विवरण सार्वजनिक गर्दथे। तर,वर्तमान सरकारले प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण लुकाउँदै आएको छ । आर्थिक पारदर्शिताका लागि सार्वजनिक निकायका पदाधिकारीको सम्पत्ति विवरण सार्वजनिक गरिनुलाई सुशासनका दृष्टिले असल अभ्यास मानिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ ले सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पदमा बसेको ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

सरकारले राजपत्रमा सूचना जारी गरी प्रधानमन्त्री तथा मन्त्रीहरूले सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा बुझाउनुपर्ने र यस्तो विवरण दुई महीनाभित्र राष्ट्रिय सतर्कता केन्द्रमा पठाउनुपर्ने भनेर ऐनमा तोकिएको छ । तर, यी कानूनमा सम्पत्ति सार्वजनिक गर्नुपर्नेबारे प्रष्ट व्यवस्था छैन । ऐनले बाध्यकारी व्यवस्था नगरेको फाइदा उठाएर सरकारले सम्पत्ति विवरण लुकाउँदै आएको हो । यसअघि, मन्त्रिपरिषद्ले कार्यव्यवस्था नियमावलीमा व्यवस्था गरेर प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास गर्दै आएको थियो । ओली नेतृत्वको सरकार गठन भएको दुई महीनाभित्र २०७४ चैतमा प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिएको थियो । तर, त्यसपछि प्रधानमन्त्री ओली र पटक पटक थपिएका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएन ।

यद्यपि, शेरबहादुर तामाङले स्वास्थ्य मन्त्रीमा नियुक्त भएको एक साताभित्रै २०७८ जेठ २७ गते र र पराराष्ट्र मन्त्रीबाट हटेपछि प्रदीपकुमार ज्ञवालीले २०७८ जेठ २१ गते सम्पत्ति विवरण सार्वजनिक गरेका थिए । २०४८ सालपछि नै आर्थिक पारदर्शिताका लागि प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिने अभ्यास शुरू भएको हो । संसारभर पनि सार्वजनिक निकायका पदाधिकारीको सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास प्रचलनमा छ ।

लोकतन्त्रमा खुला सरकार, पारदर्शी शासन प्रणाली तथा जवाफदेहीका दृष्टिले पदाधिकारीको सम्पत्ति विवरण सार्वजनिक गरिनु आधारभूत चरित्र मानिने गर्छ। सार्वजनिक निकायका पदाधिकारीले नैतिकता र पारदर्शिताका लागि सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने मान्यता छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग त्यसैले यो मूलतः कानूनीभन्दा पनि नैतिक प्रश्न भएको जानकारहरू बताउँछन् । उनीहरूले सार्वजनिक निकायका पदाधिकारीको सम्पत्ति विवरण अनिवार्य सार्वजनिक गर्नैपर्ने बाध्यकारी व्यवस्था सहितको ऐन आवश्यक छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पाठेघरको मुखमा हुने क्यान्सरको परीक्षण

**पोखरापत्र संवाददाता**
**तनहुँ, २ कार्तिक**

म्याग्दे गाउँपालिकाले आयोजना गरेको एकीकृत घुम्ती शिबिरबाट नौ सय चौध जना महिलाहरूको पाठेघरको मुखमा हुने क्यान्सरको परिक्षण गरिएको छ।

महिलामा समस्या हुने पाठेघरको मुखको क्यान्सर परीक्षणमा गाउँपालिकाको पाँच वटा वडाका महिलाले सेवा लिएका हुन् । यसमध्ये ३६ महिलामा भिआई 'ए' पोजेटिभ देखिएको छ। पोजेटिभ देखिएका महिलालाई थप उपचारका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको स्वास्थ्य शाखाका प्रमुख दिनेश पण्डितले बताउनुभयो ।

शिबिरमा महिलाको पाठेघर परीक्षण र देखापरेका स्वास्थ्य समस्याको उपचार, व्यवस्थापन एवं परामर्श सेवा दिइएको छ । परिवार नियोजन परामर्श, कोभिड १९ विरुद्धको पहिलो, दोस्रो र अतिरिक्त मात्रा खोप, आयुर्वेद, स्वास्थ्य बीमा सेवा घुम्ती शिविरबाट उपलब्ध गराइएको छ । जन्म, मृत्यु, बसाइँ, सराइ, एवं सम्बन्ध विच्छेदका दर्ता समेत हुनेछ । व्यवसाय दर्ता, राजश्व संकलन, मालपोत तथा भुमिकर सङ्कलन,ज्येष्ठ नागरिक एवं अपाङ्गता परिचय पत्र वितरण हुनेछ । बीउबिजन बितरण एवं कृषि अनुदान माग सङ्कलन, पशु सेवा शाखा अन्तर्गत गोवर परिक्षण सेवा रहेको छ। त्यसैगरी नतिजाको आधारमा पशु पक्षीलाई औषधि वितरण, बाख्रापाठा एवं बहर बन्ध्याकरण एवं बिरामी पशुको उपचार व्यवस्थापन, उपभोक्तासँग योजना संम्झौता हुने म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । शिविर कात्तिक ४ गतेसम्म चल्ने बताइएको छ ।

# नेता पौडेलद्वारा चुनावी सम्पर्क कार्यालय उद्घाटन

**पोखरापत्र संवाददाता**
**तनहुँ, २ कार्तिक**

नेपाली काग्रेसका वरिष्ठ नेता तथा तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रामचन्द्र पौडेलले व्यास नगरपालिका-९ मा चुनावी सम्पर्क कार्यालयको उद्घाटन गर्नुभएको छ ।

सो अवसरमा उहाँले देशको भविष्य कोर्न आफूले उम्मेदवारी दिएको बताउनुभयो । जनताले परिवर्तनको अनुभूति हुने गरी काम गर्न बाँकी रहेको उल्लेख गर्दै नेता पौडेलले राष्ट्रलाई सही बाटो देखाउन र सही दिशामा लैजान आफू राजनीतिमा सक्रिय रहेको बताउनुभयो । गाउँमा रोजगारी र आम्दानीको अवसर गाउँगाउँमा दिलाउन आफ्नो उम्मेदवारी रहेको उहाँले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सडक, बिजुली, पानी, सञ्चार र पूर्वाधार निर्माणमा लाग्यौं, हामीले गाउँगाउँमा बाटो पुऱ्याऔं, स्कुल पुऱ्याऔं तर गाउँ रित्तिदै गएकाले रित्तिनेक्रम रोक्नुपर्छ, अहिलेसम्म गाउँबाट विचलित भएको मनलाई म गाउँमै सेवा र सुविधा पुऱ्याएर बसौँबसौँ बनाउन लाग्नेछु।" देशमा सुशासन ल्याउनका लागि सबैको समर्थन र सहयोग प्राप्त गर्नका लागि, जनताकै सहयोगबाट यो हैसियतमा पुगेको र त्यसलाई निबिर्सिएको नेता पौडेलले बताउनुभयो ।

# महिला चार सय मिटर रिले दौडमा आर्मीलाई स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

महिला चार सय मिटर रिले दौडमा आर्मीले स्वर्ण पदक जितको छ । आर्मीले गण्डकी प्रदेशलाई पछि पार्दै स्वर्ण पदक हात पारेको हो । आर्मीका लागि रमिता गुरुङ, सरस्वती चौधरी, जयरानी थारू र निर्मला थापाले ४९.६० सेकेन्डमा दूरी पार गर्नुभएको हो ।

गण्डकीका लागि मसिना अधिकारी, अनिशा भण्डारी, सविना खातुन मियाँ र निशा घर्तीले ५२.७५ सेकेण्डमा दूरी पूरा गर्दै रजत पदक प्राप्त भएको हो । बागमतीका लागि रजिता दुलाल, स्वगता खाइजु, प्रकृति सुवाल र लुजना आमात्यले ५२.७६ ले दूरी पूरा गर्दै कांस्य पदक जित्नुभएको छ । त्यस्तै पुरुष चार सय मिटर रिले दौडमा एपिएफले स्वर्ण पदक जितेको छ । एपिएफका नीराप्रताप महतो, आशिष चौधरी, शिवराज पार्की र चन्द्रबहादुर पुलामी मगरले ४२.४४ सेकेण्डमा पूरा गर्दै स्वर्ण पदक हात पार्नुभएको हो ।त्यस्तै आर्मीका जीवन चौधरी, विवश थारू, युवराज विक र डिल्ली भण्डारीले ४२.६० सेकेन्डमा दूरी पूरा गर्दै रजत पदक हात पारेको हो । लुम्बिनी प्रदेशका सीमान पाण्डे, सुजल डाँगी, रोशन थारू र तुल्सीराम थारूले ४४.३८ सेकेण्डमा पूरा गर्दै कांस्य पदक जित्नुभएको छ ।

# करातेका सबै इभेन्ट सम्पन्न

**पोखरापत्र संवाददाता**
**पर्वत, २ कार्तिक**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पर्वतमा सञ्चालित करातें इभेन्टका सबै खेल बुधबार सकिएका छन् ।

करातेका विधाअन्तर्गत पुरुष टिम कुमुटेमा सशस्त्र प्रहरी बलका वीरबहादुर तामाङ, सुवास घताने, महमद शेख आलम, विजय श्रेष्ठ, चन्द्र सुनार, सुशील पौडेल र सन्तोष राइले स्वर्णपदक हात पार्न सफल हुनुभएको छ । त्यसैगरी गण्डकी प्रदेशका राजनकुमार पाइजा, प्रतीक घर्तीमगर, सक्षम लामा, विशाल थापा मगर, अङ्कित गुरुङ शेरचन, प्रज्वल गुरुङ र सुमन बानियाँले रजतपदक हात पार्न सफल हुनुभएको छ । यस्तै बुधबार सम्पन्न भएको महिला टिम कुमुटेमा बागमती प्रदेशका रोजिता ढुङ्गेल, रमिता माझी, कोपिला लिम्बू र सोनु श्रेष्ठले टिमलाई स्वर्णपदक जिताउन सफल भएको छ । नेपाल प्रहरीका सोनी राई, सविना श्रेष्ठ, एरिका गुरुङ र सुनिता महर्जनले रजतपदक हात पार्न सफल हुनुभएको छ ।

**पसल बिक्रीमा**

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तः बिक्रीमा छ ।

**सम्पर्क:**
९८२७१९९५८६
९८१९५२९०४५

# व्यासभूमिमा एक महिने हिन्दू महामिलन पर्व

**पोखरापत्र संवाददाता**
**दमौली, २ कार्तिक**

व्यासको जन्मभूमि दमौलीको प्रचारप्रसार गर्दै धार्मिक पर्यटकीयस्थल बनाउने उद्देश्यसहित दमौलीमा एक महिने हिन्दू महामिलन पर्व सुरु भएको छ ।

अठाइसौं श्रीकृष्ण द्वैपायन वेदव्यासको अवतरणभूमिको प्रचारप्रसारका लागि वेद अनुयायी प्रतिष्ठान नेपाल केन्द्रीय कार्यालयको आयोजनामा विश्व ओमकार तथा हिन्दू महामिलन पर्व मङ्गलबारदेखि सुरु भएको हो । महामिलन पर्वको उद्घाटन गर्दै विश्व हिन्दू महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष डा रामचन्द्र अधिकारीले व्यासको भूमिलाई विश्वमाझ परिचित गराउन सबैको पहल आवश्यक रहेको चर्चा गर्नुभयो । व्यासभूमिको प्रचारलाई हाल भइरहेको कार्यको प्रशंसा गर्दै उहाँले विश्वभरका हिन्दू धर्मावलम्बीको गन्तव्यस्थलको रुपमा यस ठाउँलाई विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

प्रतिष्ठानका केन्द्रीय अध्यक्ष कृष्णकान्त काफ्लेले व्यासभूमिलाई विश्वमाझ परिचित गराई धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । महामिलन पर्व कात्तिक ३० गतेसम्म सञ्चालन हुनेछ । व्यासभूमिलाई ओमकार तथा सनातन धर्मावलम्बीको धार्मिकस्थल बनाउन एक महिने अखण्ड हरिनाम सङ्कीर्तन एवं १०८ दीप प्रज्वलन गरिने आयोजकले जनाएको छ । महामिलन पर्वको अवसरमा पितृ उद्धारका लागि सवा लाख दीप प्रज्वलन गरिनेछ । यसअघि व्यासभूमिमा शान्ति स्वरुपानन्द दामोदर बाबाको सत्सङ्कल्प र संरक्षक गोविन्द बाबाको तथा वेद अनुयायी प्रतिष्ठानको आयोजनामा १८ महिनासम्म कथावाचन भई प्रथम ऐतिहासिक १८ महिने अखण्ड हरिनाम सङ्कीर्तन एवं १०८ श्रीमद्भागवत ज्ञान महायज्ञ र भूमिपूजन सम्पन्न भइसकेको छ । धार्मिक, सांस्कृतिक तथा पर्यटकीय हिसाबले महत्व बोकेको व्यासभूमि ओझेलमा परेको महसुस गरिएकाले कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानका उपाध्यक्ष दुर्गाभक्त अधिकारीले बताउनुभयो। अधिकारीले भन्नुभयो, "पूर्वीय साहित्यका महाकवि वेदव्यासले यही भूमिमा महाभारत, चारवेद र अठार पुराणको रचना गरेको दाबी र विभिन्न स्रोतले प्रमाणित गरे पनि व्यासभूमिको उचित प्रसारप्रसार हुन सकेको छैन ।" व्यासभूमिलाई विश्वभर परिचित गराउन र धार्मिक पर्यटनको विकास गर्ने उद्देश्यसहित व्यास क्षेत्र विकास कोषको सक्रियतामा एक सय आठ फिट व्यासको मूर्तिका लागि आवश्यक पूर्वाधार निर्माण काम सुरु गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र व्यास नगरपालिकाबीच सम्झौता भई पहिलो चरणमा रु पाँच करोड ८४ लाख ८४ हजार ५२ को लागतमा मूर्ति अड्याउने स्तम्भ निर्माणको काम भइरहेको छ । यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समपुरक अनुदान रु तीन करोड ८० लाख १४ हजार छ सय ३३ रहेको छ भने व्यास नगरपालिकाले रु दुई करोड चार लाख ६९ हजार चार सय १९ लागत साझेदारी गरेको छ ।

व्यासको जन्मभूमि दमौलीमा शिवपञ्चायन मन्दिर छ । मन्दिरको केही तलपट्टि व्यासगुफा छ । जहाँ बसेर व्यास ऋषिले चारवेद र अठार पुराणको रचना गरेको दाबी गरिन्छ। व्यास गुफाको पारिपट्टी पराशर गुफा छ। पराशर गुफासम्म पुग्नका लागि मादी नदीमा झोलुङ्गो पुल निर्माण गरिएको छ । व्यासगुफासम्म घुम्न आएकाहरू पुल तरेर पराशर क्षेत्र पनि पुग्ने गरेका छन् । व्यासभूमिलाई अन्तर्राष्ट्रियस्तरसम्म परिचित गराउँदै धार्मिक गन्तव्य बनाउन विविध कार्यक्रम हुँदै आएको छ । विसं २०४१ मा योगी नरहरिनाथले कोटीहोम लगाउने शिलशिलामा भएको धर्म सभामा महर्षि वेदव्यासको अवतरण भूमि दमौली स्थित शुक्लामाहेन्द्री सङ्गम भएको भनाइ व्यक्त गर्नुभएको थियो । आजभन्दा करिब पाँच हजार पाँच सय वर्ष अगाडि व्यासको यस क्षेत्रमा अवतरण भएको धार्मिक विश्वास छ । व्यास ऋषिको जन्म बारेको प्रसङ्गमा दमौलीदेखि आठ किमि पूर्व छाब्दी बाराहको मन्दिरदेखि करिब ५० मिटर पश्चिम पट्टिको कुण्डमा व्यासकी माता सत्यवतीको जन्म भएको थियो, माछाको रूपबाट जन्म भएकीले त्यस कुण्डको नाम मच्छे कुण्ड रहन आएको बताइएको छ ।

# पौडीमा आर्मी २० स्वर्णसहित पहिलो

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

नवौं राष्ट्रिय खेलकुद अन्तर्गत पौडी प्रतियोगितामा आर्मी च्याम्पियन बनेको छ। आर्मीले २० स्वर्ण, नौ रजत र सात कास्यसहित ३६ पदक जित्दै च्याम्पियन बनेको हो ।

एनआरएनए नौ स्वर्ण, ६ रजत र एक कास्यसहित १६ पदकसहित दोस्रो र एपिएफ तीन स्वर्ण, चार रजत र ६ कास्यसहित १३ पदकसहित तेस्रो भयो । प्रतियोगिताको अन्तिम दिन आर्मीले चार स्वर्ण पदक जितेको छ । महिला ४०० मिटर फ्रिस्टाइलमा दुवाना लामाले स्वर्ण जित्नुभएको छ । उहाँले चार मिनेट ४३.९२ सेकेण्डमा उक्त दूरी पार गर्नुभएको हो । पुलिसकी मिगन गुरुङले पाँच मिनेट ४.३८ सेकेण्डमा दूरी पार गर्दै रजत पदक जित्नुभयो भने बागमती प्रदेशकी टिसा महर्नले पाँच मिनेट ७.३६ सेकेण्डमा पूरा गर्दै कास्य पदक हात पार्नुभयो । त्यस्तै पुरुष चार सय मिटरमा एनआरएनका आशिष सापकोटाले स्वर्ण जित्नुभयो । उहाँले चार मिनेट ३५.३६ सेकेण्डमा पूरा गर्दै नयाँ कीर्तिमान कायम गर्नुभएको छ। प्रदेश १ का प्रारम्भ भण्डारीले पाँच मिनेट १२.०९ सेकेण्डमा पूरा गर्दै रजत पदक जित्नुभयो भने एपिएफका सुरेनबहादुर सिंहले पाँच मिनेट १२.१५ सेकेण्डमा पूरा गर्दै कास्य पदक हात पार्नुभयो । त्यसैगरी महिला एक मिटर बेष्टस्टोकमा आर्मीकी दुवाना लामाले १ मिनेट १६.६३ सेकेण्डमा पूरा गर्दै स्वर्ण पदक जित्नुका साथै नयाँ कीर्तिमान पनि कायम गर्नुभएको छ ।

आर्मीकै उपस्ती महर्जनले १ मिनेट २२.३९ सेकेण्डमा पूरा गर्दै रजत र नेपाल पुलिसकी अदिप्सा वैद्यले १ मिनेट २२.६७ सेकेण्डमा पूरा गर्दै कास्य पदक हात पार्नुभएको छ ।

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता: उत्साहित खेलाडी, न्यून दर्शक

– जमुना वर्षा शर्मा
**पोखरा, २ कार्तिक (रासस)**

'एकताबद्ध देश, खेलकुदको सन्देश' भन्ने नाराका साथ यतिबेला पोखरा रङ्गशालामा नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता भइरहेको छ । यो खेलप्रेमीका लागि एउटा उत्सव हो । अहिले कास्कीलगायत गण्डकी प्रदेशका आठ जिल्लामा विभिन्न ३६ खेलमा छ हजार बढी खेलाडी मैदानमा उत्रेर आफ्नो खेल प्रदर्शन गरिरहका छन् । यद्यपि खेलाडीले पर्याप्त दर्शकको साथ भने पाउन सकेका छैनन् ।

पर्यटकीय राजधानी पोखराको खेल मैदानमा माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खलामा आँखा जुँधाएर खेल्न पाउँदा खेलाडी जति उत्साहित छन् त्यति नै दर्शकको गर्बिलो उपस्थिति हुन नसक्दा खेलाडी आफ्नो प्रस्तुतिमा उत्साहित बन्न सकेका छैनन् । लमजुङका टेबलटेनिस खेलाडी प्रितम गुरुङले पहिलोपटक राष्ट्रिय खेलमा भाग लिनुभएको बताउनुभयो । "म पहिलोपटक राष्ट्रिय खेलमा भाग लिन पाउँदा उत्साहित छु, टेनिस डबलमा तेस्रो स्थान हासिल गर्न सफल भयौँ, तर खेलमा दर्शकको उपस्थिति भने निकै न्यून छ", उहाँले भन्नुभयो, "खेलाडीलाई उत्साह थप्ने नै दर्शकको साथ, माया र हुटिङले हो तर, सोचेजस्तो दर्शकको उपस्थिति देखिएन ।"

खेलप्रतिको क्रेज बढ्दै गइरहेको सन्दर्भमा दर्शकको उपस्थिति पनि महत्वपूर्ण हुने र दर्शकको न्यून उपस्थिति हुनुमा व्यवस्थापकीय कमजोरी हुनसक्ने उहाँको बुझाइ छ । महिला क्रिकेटको राम्रो सम्भावना रहे पनि खेलाडीलाई उत्साह थप्ने दर्शकको साथ भने रङ्गशालाको क्रिकेट मैदानमा देखिएन । खेलाडी आफैँ चिच्याएर उत्साह थपिरहेका थिए, मैदान वरिपरि दर्शकको उपस्थिति थिएन ।

महिला क्रिकेट खेलकुद प्रतियोगिताका संयोजक सञ्जयकान्त सिग्देलले क्रिकेट खेलमा दर्शकको कमजोर उपस्थिति हुनुमा व्यवस्थापकीय कमजोरी भएको स्वीकार्नुहुन्छ । "हामीबाट कमजोरी भएका छन्, यसअघिका प्रतियोगिता हेर्न आउने दर्शकलाई समेत हामीले ल्याउन सकेनौँ, त्यसका विभिन्न कारण हुन सक्छन् ।" दर्शकका लागि 'प्यारापिट' बनाउन नसक्नु र राष्ट्रिय खेलमा धेरै 'इभेन्ट' हुनु र दर्शकमा विकल्प खुला भएकाले पनि दर्शक पाउन नसकिएको उहाँको भनाइ छ । "खेलका धेरै विकल्प भए यति शून्य हुन्छ भन्ने लागेको थिएन", उहाँले भन्नुभयो, "यसलाई शिक्षाका रूपमा लिएर आगामी प्रतियोगितामा क्रिकेटप्रेमी दर्शकको उपस्थिति बढाउन पहल गर्नेछौँ ।" उहाँले पर्वत बागलुङसँगै केही जिल्लाका महिला खेलाडी आएरसमेत खेल हेरेको बताउँदै यसलाई भने सकारात्मक पक्षका रूपमा लिनुपर्ने बताउनुभयो । तनहुँबाट राष्ट्रिय खेलमा पहिलोपटक सहभागिता जनाउनुभएकी ब्याटमिन्टन खेलाडी दिलाशा रानाले सोचेजस्तो दर्शकको उपस्थिति हुन नसकेको बताउनुहुन्छ । सिङ्गल ब्याटमिन्टनमा पराजित हुन पुगे पनि अब डबल, मिक्स डबल खेलमा आफ्नो उत्कृष्ट प्रदर्शन गर्न आतुर हुनुहुन्छ । रानाले एकैचोटी विभिन्न खेल हुँदा कुनै कुनै खेलमा दर्शकको कमजोर उपस्थिति भएको हुनसक्ने बताउनुहुन्छ । "दर्शकको एउटै रोजाइँ हुन्न, जुन खेलमा रुचि राख्नुहुन्छ, त्यतै जानुहुन्छ अहिले धेरै खेल भइरहेका छन्", उहाँले भन्नुभयो ।

खेलप्रति दर्शको क्रेज बढाउन खेलाडी स्वयं र आयोजकको पनि दायित्वसँगै प्रचार-प्रसार पनि अपरिहार्य हुने उहाँको भनाइ छ । ह्याण्ड बलतर्फ स्वर्ण पदक जित्न सफल गण्डकी प्रदेशका खेलाडी विशाल बस्नेतले अरु खेलमा भन्दा ह्याण्डमा आफूहरूले दर्शकको साथ राम्रै पाएको प्रतिक्रिया दिनुभयो । झण्डै दुई दर्जन बढी अन्तर्राष्ट्रिय खेलमैदानमा पुगेर खेलकुदको रिपोर्टिङ गरेको अनुभव सङ्गाल्नुभएका एसियाली खेलकुद पत्रकार महासङ्घका कोषाध्यक्ष एवं बिबीसी नेपाली सेवाका खेलकुद पत्रकार नीरञ्जन राजवंशी खेलकुदको कुम्भमेलालाई आयोजकले थप व्यवस्थित र प्रचारात्मक गतिविधि गर्न चुकेको बताउनुहुन्छ । उपराष्ट्रपति नन्दबहादुर पुनको समुपस्थितिमा भएको नवौँ राष्ट्रिय खेलको औपचारिक उद्घाटन समारोहमासमेत प्यारापिट खाली देखिनु नै कमजोर व्यवस्थापनको नजिता भएको उहाँले बताउनुभयो । "खेलले सिटी चिनाउँछ, खेलाडीको मनोबल उच्च बनाउने दर्शकको उपस्थिति निकै महत्वपूर्ण हुन्छ", उहाँले भन्नुभयो, "यद्यपि गण्डकीमा भएको खेलमा खेलाडी उत्साह लिएर खेले पनि दर्शकको साथ सोचेजस्तो पाएनन् ।" राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले खेलप्रेमी भएको पोखरामा दर्शकको उपस्थिति कमजोर हुनुमा होस्ट गरेको गण्डकी प्रदेश र आयोजकबाट व्यवस्थापकीय कमी कमजोरी रहेको बताउनुहुन्छ । "पोखरा खेल पर्यटनको सहर पनि हो, यहाँ धेरै इभेन्ट हुँदै आएका छन् र उस्तै मात्रामा खेलप्रेमी दर्शक पनि छन्", उहाँले भन्नुभयो, "खेलाडी उत्साह देखिएको यस प्रदेशमा दर्शकको उत्साहमा कमी देखियो ।"

राष्ट्रिय खेलकुद परिषद् गण्डकी प्रदेशका सदस्यसचिव धनश्याम पौडेलले दर्शकको उपस्थिति कम हुनुमा हरेक खेलको प्रत्यक्ष प्रसारण भएकाले र अर्कोतर्फ कोरोना र डेङ्गुका कारण पनि भिडमा मान्छेको रुचि कम भएको हुनसक्ने बताउनुहुन्छ । "हामीले प्रचार-प्रसारका लागि वडा तहदेखिनै गरेका थियौँ, अहिले भीडभाडभन्दा घरमै बसेर खेलको प्रत्यक्ष प्रसारण हेर्न मिल्ने भएकाले पनि दर्शकको उपस्थिति कमी भएको हो कि भन्ने हामीले अनुमान गरेका छौँ", उहाँले भन्नुभयो । खेलाडीका लागि प्रत्यक्ष दर्शकको उपस्थितिले नै ऊर्जा थप्ने भएकाले यस विषयमा गम्भीर समीक्षा गरेर आगामी खेलमा दर्शकको उपस्थित बढाउने रणनीतिमा तय गर्न सकिने उहाँको भनाइ छ ।

झण्डै चार दशकपछि पोखराको खेलमैदानमा जारी नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा ३६ खेलमा १० खेल गण्डकी प्रदेशका आठ जिल्लामा र २६ खेल पोखराका खेलमैदानमा जारी छन् । ११ टिमका छ हजार एक सय ५७ खेलाडीमा चार हजार पाँच सय बढी खेलाडी भने पोखराको खेलमैदानमा छन् ।

# बेवारिसे र बूढो गाईको संरक्षण गर्न गौ संरक्षण केन्द्र

**पोखरापत्र संवाददाता**
**दमौली, २ कार्तिक**

तनहुँको व्यास नगरपालिका-१० स्थित मादी नदी किनारमा गाईका भीड चरिरहेका देखिन्छन् । झट्ट हेर्दा यति धेरै गाई कसले पाल्यो भन्ने मनमा उब्जिन्छ ।

मादी नदी किनार भतेरीमा गाई संरक्षण केन्द्र बनाइएको छ । गाई संरक्षण केन्द्रमा एक सय गाई छन् ।

छाडा चौपाया व्यवस्थापन गर्ने उद्देश्यसहित यहाँ व्यास नगरपालिकाको सक्रियतामा संरक्षण केन्द्र सञ्चालन गरिएको छ। केन्द्रमा व्यास नगरपालिकाभित्रका विभिन्न ठाउँहरूबाट ल्याउने गरिएको केन्द्रका अध्यक्ष प्रजापति सापकोटाले जानकारी दिनुभयो ।

"केन्द्रमा व्यास नगरपालिकाभित्रका गाई संरक्षण गर्दै आएका छौँ, केहीले झुक्याएर अन्यत्रबाट पनि ल्याएका होलान्, त्यो अब थाहा हुने कुरा पनि भएन", सापकोटाले भन्नुभयो । केन्द्रमा रहेका गाईलाई खुवाउन परालको व्यवस्थापन नगरपालिकाले गर्दै आएको छ। केन्द्रमा तीन कर्मचारी खटाइएको छ । उनीहरूको पारिश्रमिकको व्यवस्था पनि नगरपालिकाले गर्दै आएको छ । तीन जनामध्ये एक जनाले घाँस काट्ने काम गर्दै आएका छन् भने दुई जनाले केन्द्रभित्रै काम गर्ने गरेका छन् । केन्द्रमा गाई ल्याउँदा एउटा गाईको रु दुई हजार शुल्क लिने गरिएको छ । केन्द्रमा सङ्कलन भएको रकम थप पराल खरिदका लागि खर्च गर्ने गरिएको छ । बर्खाका बेला गाईलाई घाँसे मैदानमा चराउने गरिएको छ । "मादी नदी किनारमा हरियो घाँसे मैदान छ, त्यही मैदानमा गाई चराउने गरिएको छ", सापकोटा भन्नुहुन्छ, "हिउँदमा पराल खरिद गर्छौँ ।" केन्द्रमा दूध दिन छाडेका, थुनेलो भएका, बूढा भएका र बेवारिसे भएका गाई ल्याउने गरिएको छ। "बूढा भएका गाई मरे केन्द्र नजिक ५० मिटर तल रहेको खाल्डो नजिक राखिदिने गरेका छौँ, मरेको गाई खान गिद्ध आउने गरेका छन्", उहाँले भन्नुभयो, "एउटा गाई एक दिनभरमा गिद्धले खाइसक्छ, हड्डी खाल्डोमा हालेर पुर्ने गरेका छौँ ।" दुई सय रोपनी क्षेत्रफलमा फैलिएको केन्द्रका कारण यहाँ आसपास गिद्ध देखिन थालेका छन् । केन्द्रका कारण विगत केही वर्षयता लोप हुँदै गएको गिद्ध यहाँ आउने गरेका छन् । "गिद्ध देख्नै रहर भइसकेको थियो, अहिलेका युवापुस्ताले त गिद्धका बारेमा जान्ने अवसर पनि पाउँदैनथे होला", उहाँले भन्नुभयो, "एउटा गाई मरेका बेला यहाँ दुई सयभन्दा बढी गिद्ध आउँछन् ।" केन्द्र आसपास सात किसिमका गिद्ध देखिन्छन् । जिल्लाकै शुक्लागण्डकी नगरपालिकाले पनि छाडा चौपाया व्यवस्थापनमा लागि केन्द्र सञ्चालन गर्दै आएको छ । नगरपालिका क्षेत्रभित्र जथाभावीरूपमा चौपाया छाड्दा दुर्घटनाको जोखिम बढेपछि नगरपालिकाले केन्द्र सञ्चालन गरेको हो । शुक्लागण्डकी नगरपालिका-९ घारीमा रु १७ लाखको लागतमा केन्द्र बनाएर गाई संरक्षण गर्दै आइएको छ । संरक्षण केन्द्र सञ्चालनका लागि गीता महतको संयोजकत्वमा गौ संरक्षण समिति गठन गरिएको छ ।

दूध दिन छाडेपछि कृषकले जथाभावी गाईवस्तु छाडिदिने गरेको र पोखरा महानगरपालिकाबाट गाईवस्तु शुक्लागण्डकीमा भित्रिन थालेको थियो । स्थानीय तहको निर्वाचनपछि छाडा चौपायाको विषयलाई तत्काल समाधान गर्न स्थानीयवासीले नगरपालिकालाई पटक-पटक आग्रह गर्दै आएका थिए ।

# महिला भलिवलमा सशस्त्र विजयी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ कार्तिक**

विभागीय टिम सशस्त्र प्रहरी बेनीमा बुधबार सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गतको महिला भलिबलमा विजयी भएको छ ।

अर्को विभागीय टिम नेपाल पुलिस क्लबलाई एकका विरुद्ध तीन सेटले पराजित गर्दै सशस्त्रले उपाधी चुमेको हो । पहिलो सेट २५-१९, दोस्रो सेट ३०-२८ र चौथो सेट २५-१९ को अन्तरले शसस्त्रले जितेको हो । सशस्त्रलाई पुलिसले तेस्रो सेटमा २४-२६ को अन्तरमा पराजित गरेको थियो । बिनिता बुढाथोकीको कप्तानीमा रहेको शसस्त्र र कमला पुनको नेतृत्वमा मैदानमा उत्रीएको पुलिस क्लबको खेल प्रतिस्पर्धात्मक थियो । यसैगरी घरेलु टिम गण्डकीलाई एकका विरुद्ध तीन सेटले पराजित गर्दै बागमति प्रदेश प्रतियोगितामा तेस्रो भएको छ । बागमतिले दोस्रो, तेस्रो र चौथो सेटमा गण्डकीलाई २५-१२, २५-२१ र २५-१७ अन्तरमा पराजित गरेको हो । पहिलो सेट गण्डकीले बागमतिलाई २५-२० अन्तरमा जितेको थियो ।



असोज २८ गतेदेखि शुरु भएको प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टिम सहभागी थिए ।

विजेता टिम शसस्त्रका खेलाडीलाई आयोजक राष्ट्रिय खेलकुद परिषद्ले जनही रु १५ हजारका दरले पुरस्कृत गरेको छ । जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापा, उपप्रमुख दिलकुमारी केसी, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, उपप्रमुख ज्योती लामिछाने, प्रमुख जिल्ला अधिकारी चिरञ्जिवी राना, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीले पुरस्कार, मेडल, प्रमाणपत्र र ट्रफी वितरण गर्नुभएको थियो ।

# टेनिसमा आर्मीलाई दुई र गण्डकीलाई एक स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

पोखरामा जारी नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत टेनिसको 'व्यक्तिगत इभेन्ट'तर्फ विभागीय नेपाली सेनाले दुई र आयोजक गण्डकी प्रदेशले एक स्वर्ण पदक जितेका छन् ।

पोखरा रङ्गशालास्थित टेनिस कोर्टमा आज सम्पन्न फाइनल खेलमा सेनाले 'मिक्स डबल्स' र 'महिला डबल्स'तर्फ स्वर्ण जित्दा गण्डकीले 'पुरुष डबल्स'मा स्वर्ण जितेको हो । महिला डबल्समा नेपाली सेनाका अविलाशा विष्ट र इरा रावतको जोडीले बागमती प्रदेशका रायना शाह र प्रकृति श्रेष्ठको जोडीलाई ६-३, ६-४ को सेटमा पराजित गरी स्वर्ण दिलाउनुभयो ।

त्यसैगरी मिक्स डबल्सतर्फ सेनाका प्रनभ खनाल र अविलाशा विष्टको जोडीले नेपाल पुलिसका आर्यन गिरी र आयशा डोल्कर गुरुङको जोडीमाथि ६-४, ६-० सेटको जित निकाल्दै स्वर्ण जित्दा प्रहरीले कास्य पदकमा चित्त बुझायो ।

यसैगरी पुरुष डबल्सतर्फ गण्डकीका प्रदीप खड्का र अनिल शाहीको जोडीले विभागीय सेनाका प्रनभ खनाल र अकी जुवेन रावतको जोडीलाई फाइनलमा पराजित गरी स्वर्ण जित्नुभयो । गण्डकीका खड्का नेपालको पहिलो वरियताका खेलाडी हुनुहुन्छ भने सेनाका खनाल द्वितीय वरियतामा हुनुहुन्छ ।

खेलको पहिलो सेट गण्डकीले ७-५ सेटले जित्दा दोस्रो सेट भने ४-६ मा गुमायो । निर्णायक 'सुपरटाइ'मा गण्डकीले १०-८ अङ्कले गण्डकीले नतिजा आफ्नो पक्षमा ल्यायो । टेनिसमा हालसम्म पाँच स्वर्ण पदकको छिनोफानो हुँदा सेनाले तीन र आयोजक गण्डकी प्रदेशले दुई स्वर्ण जितेको छ । स्वर्ण टुङ्गिन बाँकी दुई विधा पुरुष एकल र महिला एकलको फाइनल बिहीबार बिहान हुने खेल तालिका छ ।

# जुडोमा आर्मीलाई चार स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ कार्तिक**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत जुडोमा त्रिभुवन आर्मीले चार र नेपाल पुलिस क्लबले तीन स्वर्ण थपेको छ । पोखरा नयाँ बजारको प्रदर्शनी केन्द्रमा भएको खेलमा आर्मीले महिला पुरुषमा दुई/दुई स्वर्ण जितेको हो । पुलिसतर्फ पुरुषले दुई र महिलाले एक स्वर्ण जितेको हो ।

एकासी किलोग्राम तल तौल समूहमा नेपाल आर्मीका जगनबहादुर सारुले स्वर्ण जित्नुभयो । नेपाल पुलिस क्बलका मधु रोका मगरले रजत र बागमती प्रदेशका सञ्जय महर्जन र सुदुरपश्चिम प्रदेशका योगेन्द्र विष्टले कांस्य पदकमा चित्त बुझाउनुपऱ्यो । नब्बे किलोग्राम तल तौल समूहमा नेपाल पुलिसका मनिष महतोले स्वर्ण पदक जित्नुभयो । नेपाल आर्मीका सुजन गुरुङले रजत पदक जित्नुभयो । मधेस प्रदेशका गुड्डुकुमार शाह कानु र सुदुपश्चिमका सुरेश गिरीले कांस्य पदक ल्याउनुभयो । सय किलोग्राम तल तौल समूहमा आर्मीका रमेशबहादुर चन्दले स्वर्ण जित्नुभएको हो । उहाँसँग फाइनलमा पराजित हुनुभएका मधेस प्रदेशका हिमान्सु गुप्ताले रजत प्राप्त गर्नुभयो । नेपाल पुलिसका श्रीराम मकाजु र प्रदेश १ का निश्चल राईले कांस्य पदक प्राप्त गर्न सफल हुनुभयो ।


सय किलोग्राम माथि तौल समूहमा नेपाल पुलिस क्बलका राजन जोशीले स्वर्ण पदक जित्न सफल हुनुभयो । आर्मीका रन्जेश गोलेले रजत पदक जित्नु हुँदा बागमतीका आदित्य दाहाल र लुम्बिनीका प्रनितजङ्ग सिंहले कांस्यमा चित्त बुझाउनुभयो । सत्तरी किलोग्राम तल तौल समूहमा नेपाल आर्मीकी पुनम श्रेष्ठले स्वर्ण पदक जित्नुभयो । पुनमसँग पराजित हुनुभएकी बागमती प्रदेशकी रञ्जना खड्काले रजत पदकमा चित्त बुझाउनुपऱ्यो । नेपाल पुलिस क्लबकी रजनी मगर र प्रदेश १ की सुमन्ता राईले कांस्य पदक प्राप्त गर्नुभयो । अठहत्तर किलोग्राम तल तौल समूहमा नेपाल पुलिसकी दीपा गुरुङले स्वर्ण जित्नुहुँदा आर्मीकी निर्मला घर्ती मगरले रजत प्राप्त गर्नुभयो । लुम्बिनीका सुशीलाकुमारी चौधरी र सम्झना चौधरीले कांस्य जित्नुभयो । अठहत्तर किलोग्राम माथि उमेर समूहमा नेपाल आर्मीकी आकृति जोशीले स्वर्ण पदक हात पार्नुभयो । नेपाल पुलिसकी पूजा राजवंशीले रजत पदक ल्याउनुभयो । नेपाल पुलिसकी भावना घर्ती मगर र बागमतीकी अस्मिता गोलेले कास्य पदक प्राप्त गर्नुभयो । कूल आठ स्वर्ण जितेको आर्मी च्याम्पियन हुने निश्चित छ ।


## विमा लेख हरायो

**स्याङ्जा बजारबाट बाडखोला बजारतर्फ जाँदै गर्दा मिति २०७९ साल श्रावण ०५ गतेका दिन मेरो निम्न व्यहोराको बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा उल्लेखित ठेगानामा खबर गरिदिनहुन अनुरोध गर्दछु ।**

**नाम : याम बहादुर नेपाली**
**ठेगाना : पुतलीबजार नगरपालिका-३, स्याङ्जा**
**बिमा लेख नम्बर : ४०४००००११४**
**सम्पर्क नं. : ९७४८४३३३०४**

## नामथर, जन्ममिति फरक परेको सूचना



स्याङ्जा जिल्ल पुतलीबजार नगरपालिका वडा नं. ०६ निवासी भारतीय भू.पू. सैनिक नं. ५०४०२६७ एम का ओम बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर तिल कुमारी गुरुङको जन्ममिति २०१९।०७।२६ गते र भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर सुक माया गुरुङ जन्ममिति २०१७।०१।०७ गते उल्लेख भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०६ नं. वडा कार्यालयको च.नं. १३७ मिति २०७९।०५।१४ को पत्रबाट लेखी आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रदेश सरकार**
**पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/०२

यस कार्यालयबाट मिति २०७७/०४/२३ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १५ मा संचालन गर्ने गरि पोखरा महानगरपालिका वडा नं. १५ कास्की निवासी सबिना थापा बानियाको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १७२२४/०७७/०७८ को ओम शान्ति ढुवानी सेवा नामक फर्मका प्रोपाईटर श्री सबिना थापा बानियाले मिति २०७९/०७/०२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**